# 2025/2026

# विद्यार्थी वित्तीय सहयोग योजनाहरूका लागि घरेलु आवेदन




**विद्यार्थी वित्त कार्यालय**

**काम गर्ने परिवार तथा विद्यार्थीका लागि वित्तीय सहयोग निकाय**

(Nepali)

"विद्यार्थी वित्तीय सहयोग योजनाहरूका लागि घरेलु आवेदन फारम" परिवारमा आधारित आवेदन फारम हो जसले प्राथमिक) प्राथमिक (र माध्यमिक) माध्यमिक (विद्यालय)हरू (वा किन्डरगार्टन)हरू /(बाल स्याहार केन्द्र)हरू (मा अध्ययन गर्ने बच्चा)हरू (भएका परिवारहरूलाई विद्यार्थी वित्तीय सहयोगको लागि आवेदन दिनमा सहजीकरण गर्छ ।

## योग्यताका मापदण्डहरू

(i) आवेदकहरूले आयस्रोत जाँचमा उत्तीर्ण हुनुपर्छ र आवेदकहरू विद्यार्थी-आवेदकहरूको अभिभावक वा संरक्षक (नाबालक अध्यादेशको संरक्षकता, क्याप. 13 अन्तर्गत मान्य भए अनुसार) हुनुपर्छ । अन्यथा, आवेदकहरूले आवेदन फारममा यसलाई किन पालना गर्न सकिँदैन भन्ने बारेमा विस्तृत रूपमा प्रमाण सहित स्पष्ट पार्नुपर्छ;

(ii) विद्यार्थी-आवेदकहरू हङकङको अविवाहित निवासी हुनुपर्छ र उनीहरूसँग हङकङमा कानूनी रूपमा स्थायी आवासको अधिकार, बसोबास गर्ने अधिकार वा बसाइको कुनै पनि शर्त बिना(बसाइको सीमा बाहेक)रहने वैध अनुमति हुनुपर्छ । भिजिट भिसा, दुइतर्फी निकास अनुमति, विद्यार्थी भिसा मात्र भएका विद्यार्थीहरू वा विद्यार्थी-भिसा/भिजिटर-भिसा धारकहरूका आश्रित व्यक्तिहरू विद्यार्थी वित्तीय सहयोगको लागि आवेदन दिन योग्य हुँदैनन् ।

(iii) किन्डरगार्टनहरुमा नर्सरी, तल्लो र माथिल्लो कक्षाहरू (K1 देखि K3 सम्म) मा अध्ययन गरिरहेका विद्यार्थी-आवेदकहरू

- 31 अगस्त 2025 मा कम्तीमा पनि 2 वर्ष 8 महिना पुगेको हुनुपर्छ (अर्थात् 31 डिसेम्बर 2022 मा वा सोभन्दा अगाडि जन्मिएको हुनुपर्छ); र
- शिक्षा ब्यूरो (EDB) मा दर्ता भएका किन्डरगार्टनहरूमा नर्सरी, (K1) तल्लो (K2) र माथिल्लो कक्षाहरू(K3) मा अध्ययन गरिरहेको हुनुपर्छ । सो किन्डरगार्टन गैर-नाफामूलक किन्डरगार्टन हुनुपर्छ र त्यसले किन्डरगार्टन शिक्षा योजना अन्तर्गत स्थानीय पाठ्यक्रम प्रदान गर्ने हुनुपर्छ ।

(iv) बाल स्याहार केन्द्रहरू (उमेर समूह 0-2) र बाल स्याहार केन्द्रहरू (उमेर समूह 2-3) मा अध्ययन गरिरहेका विद्यार्थी-आवेदकहरू -

- समाज कल्याण विभाग (SWD) मा दर्ता भएका बाल स्याहार केन्द्रहरू(दिवा शिशुसदन, दिवा नर्सरी वा किन्डरगार्टन सहित बाल स्याहार केन्द्रहरूमा सम्बन्धित उमेर समूहहरू) मा पूरा-दिन स्याहार सेवाहरू प्राप्त गरिरहेको हुनुपर्छ; र
- उहीं मूल्याङ्कन अवधि भित्रमा उनीहरूले " सामाजिक आवश्यकताहरू " जाँचलाई उत्तीर्ण गर्नुपर्छ; र

(v) विद्यार्थी-आवेदकहरू अध्ययन गरिरहेका विद्यालयहरू निम्न योजनाहरूमा निर्धारित गरिएको श्रेणीहरुमा पर्नुपर्छ :

## वित्तीय सहयोग योजनाहरू

- **किन्डरगार्टन तथा बाल स्याहार केन्द्र शिक्षण शुल्क छूट (KCFR)**योजनाले आवश्यकतामा रहेका परिवारहरूलाई किन्डरगार्टन शिक्षा योजना अन्तर्गतका स्थानीय गैर-नाफामूलक किन्डरगार्टनहरूमा नर्सरी, तल्लो र माथिल्लो कक्षाहरूमा अध्ययन गर्ने र/वा बाल स्याहार केन्द्रहरूमा पूरा-दिन बाल स्याहार सेवाहरू प्राप्त गर्ने उनीहरूको बच्चाहरूलाई शिक्षण शुल्कमा छुटको रूपमा वित्तीय सहयोग उपलब्ध गराउँछ ।

- **किन्डरगार्टन विद्यार्थीहरू (Grant-KG)**का विद्यालयसँग सम्बन्धित खर्चहरूका लागि अनुदान योजनाले KCFR योजना अन्तर्गत आयस्रोत जाँच उत्तीर्ण गर्न तथा समान योग्यता सम्बन्धी मापदण्डहरू पूरा गर्न सक्ने आवश्यकतामा रहेका किन्डरगार्टन विद्यार्थीहरूलाई किन्डरगार्टन शिक्षा योजना अन्तर्गत विद्यार्थीहरूको किन्डरगार्टन शिक्षामा लाग्ने विद्यालय सम्बन्धी खर्चहरू भुक्तानी गर्न अतिरिक्त अनुदान उपलब्ध गराउँछ ।

- **विद्यालय पाठ्यपुस्तक सहयोग(TA)**योजनाले आवश्यक पाठ्यपुस्तक र विद्यालय सम्बन्धी विविध खर्चहरूको शुल्कहरूलाई समेट्नको लागि प्रत्यक्ष अनुदान योजना अन्तर्गत सरकारी, आर्थिक सहयोग-प्राप्त, प्रति व्यक्ति अनुदान विद्यालय र स्थानीय विद्यालयहरूमा आवश्यक पर्ने प्राथमिक 1 देखि माध्यमिक 6 विद्यार्थीहरूलाई सहायता प्रदान गर्दछ।

- **विद्यार्थी यात्रा अनुदान(STS)** योजनाले औपचारिक प्राथमिक वा माध्यमिक तहको विद्यालयमा भर्ना भएका विद्यार्थीहरूवा कुनै मान्यता प्राप्तसंस्थामा पहिलो स्नातक तहसम्म पूर्णकालीन दिवा पाठ्यक्रममा भाग लिएका विद्यार्थीहरू, आफ्नो विद्यालयबाट 10 मिनेटभन्दा बढी पैदल दूरीमा बस्ने विद्यार्थीहरू;र विद्यालय पुग्नको लागि सार्वजनिक यातयातको साधन प्रयोग गर्न आवश्यक हुने विद्यार्थीहरूलाई यातायात अनुदान उपलब्ध गराउँछ।

- **इन्टरनेट उपयोग शुल्कको लागि अनुदान योजना(SIA)**ले प्राथमिक वा माध्यमिक तहमा पूर्णकालीन अध्ययन गर्ने बालबालिका, वा पूर्णकालीन डिप्लोमा अफ एप्लाइड एजुकेशन(DAE) कार्यक्रमहरू वा सो सरहको व्यावसायिक तालिम परिषद (VTC) को कोर्सहरू गर्दै गरेका विद्यार्थीहरूलाई घरमा इ-लर्निङको लागि आवश्यक इन्टरनेट उपयोग शुल्क त्यस्ता बच्चाहरू भएका परिवारलाई अनुदान उपलब्ध गराउँछ )उदाहरण को लागि, ब्रोडब्याण्ड इन्टर्नेट सेवा वा स्थिर वा मोबाइल दूरसंचार सेवाहरू को अपरेटरहरू द्वारा प्रदान SIM कार्ड मा शुल्क(। अनुदान घरेलु आधारमा दिइन्छ। योग्य परिवारहरूले घरमा बालबालिकाहरूको सङ्ख्या जति भए पनि घर-परिवारको हिसाबले निर्धारित एक समान नगद अनुदान प्राप्त गर्नेछन् ।

## आवेदनका प्रक्रियाहरू

आवेदन सहज बनाउन र वातावरणीय संरक्षणको लागि, विद्यार्थी वित्त कार्यालय(SFO) ले आवेदकहरूलाई इलेक्ट्रोनिक आवेदन पेश गर्न प्रोत्साहित गर्दछ। यदि परिवारहरूले 2025/26 विद्यालय वर्षको निम्ति विद्यार्थी वित्तीय सहायताको लागि आवेदन दिन चाहन्छन् भने, तिनीहरूले हाम्रो ई-सेवा प्लेटफर्म (https://ess. wfsfaa.gov.hk/espps) अनलाईन इलेक्ट्रोनिक आवेदन फारम पूरा गर्न र पेश गर्न सक्दछन, वा कागज-आधारित आवेदन फारम (SFO 106B वा SFO 7B) भरेर सबै आवश्यक सहयोगी कागजातहरू SFO लाई सिधै हुलाकद्वारा पठाउन सक्दछन्। आवेदकहरूले आवेदन पूरा गर्नु अघि घरपरिवार आवेदनमा मार्गदर्शन नोटहरू ध्यानपूर्वक पढ्नुपर्छ। प्रत्येक परिवारले एउटा मात्र आवेदन पेश गर्नुपर्छ। एउटै आवेदकबाट धेरै आवेदनहरू रद्द गरिनेछ र आवेदन प्रक्रियामा ढिलाइ हुनेछ। आवेदन प्रक्रियाहरू तल विस्तृत रुपमा छन् -

<u>**(i) प्राथमिक तथा माध्यमिक तहका विद्यार्थीहरूको वित्तीय सहयोगको आवेदनहरूमा लागू हुने**</u>

| अनुमानित समय | प्रक्रियाहरू |
|---|---|
| मे 2025 को अन्त्यमा वा सोभन्दा अगाडि | आवेदकहरूले इलेक्ट्रोनिक आवेदन फारम पूरा गर्न, सबै आवश्यक कागजातहरूको प्रतिलिपिहरू अपलोड गर्न र यी सबैलाई अनलाइन मार्फत पेश गर्न आवश्यक छ, वा पूरा भरिएको कागज-आधारित आवेदन फारम (यदि लागू हुन्छ भने) र सम्बद्ध सहायक कागजपत्रहरूको प्रतिलिपिहरूका साथमा बुझाउन उपलब्ध गराइएको ठेगाना भएको खाम प्रयोग गरेर हुलाक मार्फत SFO लाई पेश गर्नुपर्छ। |
| **2024/25 विद्यालय वर्ष मा विद्यालय पाठ्यपुस्तक सहयोग गरिसकेका आवेदकहरूका लागि** | |
| 2025 को जुलाई / अगस्त | यदि 31 मे 2025 मा वा सोभन्दा अगाडिसम्म आवेदन बुझाउने आवेदकहरूले सहायक कागजपत्रहरूका साथमा सबै जानकारी उपलब्ध गराएका छन्, योग्यताका मापदण्डहरू पूरा गरेका छन् र आयस्रोत जाँच उत्तीर्ण गरेका छन् भने सन् 2025 जुलाईको / अगस्टमा SFO ले योग्य विद्यार्थीहरूलाई अटोपे मार्फत अस्थायी विद्यालय पाठ्यपुस्तक सहयोग र योग्य परिवारहरूलाई इन्टरनेट उपयोग शुल्कको लागि अनुदान निकासा गर्नेछ । अनलाइन आवेदन पेश गर्ने आवेदकहरूले कागजमा आधारित फारमहरू प्रयोग गर्ने आवेदकहरू भन्दा पहिले अस्थायी विद्यालय पाठ्यपुस्तक सहायता र इन्टरनेट पहुँच शुल्कको लागि अनुदान प्राप्त गर्नेछन्। SFO ले जुलाईको / अगस्तमा 2025 को वरपर आवेदकरूलाई नतिजाको सूचना# पनि जारी गर्नेछ ।<br>आयस्रोत जाँचमा उत्तीर्ण हुन नसक्ने, SFO द्वारा तय गरिएको अन्तिम मितिसम्म आवश्यक पूरक जानकारी उपलब्ध गराउन असफल हुने वा आफ्नो आवेदनहरू फिर्ता लिने परिवारहरूलाई "अयोग्यताको सूचना " जारी गरिनेछ । |
| 2025 को अक्टोबर अन्तिम / नोभेम्बरबाट सुरु हुने | अस्थायी TA वितरण गरिसकिएका विद्यार्थीहरूका लागि 2025/26 विद्यालय वर्षको निम्ति पाठ्यपुस्तक अनुदान दरहरू उपलब्ध भएपछि र (2025 को अक्टोबर अन्तिम / नोभेम्बरतिर) विद्यार्थी-आवेदकको विद्यालयसम्बन्धी जानकारी EDB को डाटाबेससँग रुजु गराएपछि SFO ले पुन : हिसाब गर्नेछ र आवेदकहरू कति अनुदान रकम प्राप्त गर्न योग्य छन् भनेर निर्धारण गर्नेछ र आवेदकहरूलाई बाँकी अनुदान रकम निकासा गर्नेछ र बढी भुक्तानी गरिएको खण्डमा आवेदकहरूबाट सो रकम फिर्ता लिनेछ । |
| **2024/25 विद्यालय वर्ष मा विद्यालय पाठ्यपुस्तक सहायता वितरण नगरिएका वा 2025/26 विद्यालय वर्ष मा P1 मा अध्ययन गरिरहेका बच्चाहरू भएका आवेदकहरूका लागि** | |
| अगस्त 2025 | यदि 31 मई 2025 मा वा सोभन्दा अगाडिसम्म आवेदन बुझाउने आवेदकहरूले सहायक कागजपत्रहरूका साथमा सबै आवश्यक जानकारी उपलब्ध गराएका छन् भने अगस्त 2025 बाट सुरु हुने गरी SFO ले योग्य आवेदकहरूलाई " नतिजाको सूचना "#, विद्यार्थी-आधारित योग्यता प्रमाणपत्र "वित्तीय सहयोग योजनाहरूका लागि मार्गनिर्देशन नोटहरू " जारी गर्नेछ । आयस्रोत जाँचमा उत्तीर्ण हुन नसक्ने, SFO द्वारा तय गरिएको अन्तिम मितिसम्म आवश्यक पूरक जानकारी उपलब्ध गराउन असफल हुने वा आफ्नो आवेदनहरू फिर्ता लिने परिवारहरूलाई " अयोग्यताको सूचना " जारी गरिनेछ । |
| सेप्टेम्बर 2025 | ECs प्राप्त गर्ने आवेदकहरूले व्यक्तिगत जानकारी र ECs मा पहिले नै भरिएको गरिएको योजना(हरू) मा आफूले रोजेको योजना(हरू) लाई ध्यानपूर्वक रुजु गर्नुपर्छ । आवेदकहरूले सो ECs हरूलाई भरेर आवेदन प्रक्रिया अगाडि बढाउन विद्यालय सुरु भएको एक <u>हप्ता भित्र वा ECs हरू जारी गरिएको मितिबाट दुई हप्ता भित्र (यी दुई मध्ये जुन पछि आउँछ) बच्चाहरू अध्ययन गर्ने विद्यालयलाई फिर्ता गर्नुपर्छ ।</u> विद्यालयहरूले विद्यार्थी-आवेदकहरूको स्थिति तथा उपस्थितिलाई प्रमाणित गर्नेछन् र त्यसपछि सो ECs हरूलाई SFO समक्ष पठाउनेछन् । सामान्यतया SFO ले अन्तिम दिनपछि बुझाइएका कुनै पनि ECs हरूलाई स्वीकार गर्ने छैन । |

| | |
|---|---|
| 2025 अक्टोबरको अन्तिम / नोभेम्बरमा वा पछि | फिर्ता गरिएका ECs हरूलाई रुजु गरेपश्चात्, SFO ले आवेदन दिएर सम्बन्धित योजनाहरूका लागि योग्य ठहर भएका विद्यार्थीहरूलाई <u>अटोपे मार्फत</u> वित्तीय सहयोग निकासा गर्नेछ। यदि आवेदकहरूले आवेदन फारममा आफ्नो स्थानीय र मान्य मोबाइल फोन नम्बर प्रदान गरेका छन् भने, SFO ले योग्य आवेदकहरूलाई सम्बन्धित भुक्तानी जानकारीको जानकारी दिन SMS पठाउनेछ। |

\# 2025/26 विद्यालय वर्ष मा पूर्व-प्राथमिक तहका विद्यार्थीहरूका लागि वित्तीय सहयोगको लागि एउटै समयमा आवेदन दिने बच्चाहरू भएक जारी आवेदकहरूका लागि, SFO ले योग्य परिवारहरूलाई विद्यालयको प्रमाणपत्र (SC) सहित" नतिजाको सूचना "जारी गर्नेछ । विवरणको लागि, कृपया पूर्व-प्राथमिक तहका विद्यार्थीहरूको वित्तीय सहयोगमा लागू हुने आवेदनका प्रक्रियाहरू हेर्नुहोस् ।

**<u>(ii) पूर्व-प्राथमिक तहका विद्यार्थीहरूको वित्तीय सहयोगको आवेदनहरूमा लागू हुने</u>**

| अनुमानित समय | प्रक्रियाहरू |
|---|---|
| **2024/25 विद्यालय वर्ष -प्राथमिक विद्यार्थीहरूका लागि मात्र (विद्यालय वर्ष 2025/26 विद्यालय वर्ष मा अध्ययन गर्ने विद्यार्थीहरूलाई यसमा नसमेटिने) वित्तीय सहयोग वितरण गरिएका आवेदकहरूका लागि** | |
| जून 2025 मा वा सो महिनाको अन्त्यभन्दा अगाडि | आवेदकहरूले इलेक्ट्रोनिक आवेदन फारम पूरा गर्न, सबै आवश्यक कागजातहरूको प्रतिलिपिहरू अपलोड गर्न र यी सबैलाई अनलाइन मार्फत पेश गर्न आवश्यक छ, वा पूरा भरिएको कागज-आधारित आवेदन फारमको साथ" सामाजिक आवश्यकताहरू " मूल्याङ्कन फारम (यदि लागू हुन्छ भने) र सान्दर्भिक समर्थनका प्रतिलिपिहरू उपलब्ध गराइएको ठेगाना भएको खाम प्रयोग गरेर हुलाक मार्फत SFO लाई पेश गर्नुपर्छ। |
| अगस्त 2025 वा त्यसपछि | यदि 30 जून 2025 मा वा सोभन्दा अगाडिसम्म आवेदन बुझाउने आवेदकहरूले सहयोगी कागजपत्रहरूका साथमा सबै आवश्यक जानकारी उपलब्ध गराएमा अगस्त 2025 बाट सुरु हुने गरी SFO ले योग्य जारी आवेदकहरूलाई विद्यार्थी-आधारित SC सहित "नतिजाको सूचना" जारी गर्नेछ ।<br><br>सम्बद्ध SC को आवश्यकता 2025/26 विद्यालय वर्षमा अर्को विद्यालयमा स्थानान्तरण भएर जाने, पहिले नै भरिएको भन्दा फरक कक्षा र सत्र भएका र प्रि-प्राथमिकको लागि पहिलो पटक वित्तीय सहयोगको लागि आवेदन गरेका विद्यार्थी-आवेदकहरूलाई मात्र लागू छ । यस्ता मामिलाहरूमा, आवेदकहरूले SC लाई 2025/26 मा अध्ययनरत विद्यालयमा 31 अगस्ट 2025 वा SC जारी गरिएको मितिबाट दुई हप्ता भित्र (जुन पछि हुन्छ) मा प्रोसेसिङको लागि अनिवार्य रूपमा पेश गर्नुपर्छ।। |
| **2024/25 विद्यालय वर्षमा प्रि-प्राथमिक विद्यार्थीहरूका लागि वित्तीय सहयोग वितरण नगरिएका आवेदकहरूका लागि** | |
| जुलाई 2025 वा त्यसपछि | SFO ले विद्यालयमार्फत सम्बन्धित आवेदकहरूलाई SC सहित "विद्यार्थी वित्तीय सहयोग योजनाहरूका लागि घरेलु आवेदन फारम" वितरण गर्नेछ र 1 अगस्त 2025 बाट आवेदनहरू लिन सुरु गर्नेछ । पूरा भरिएका कागजमा-आधारित आवेदन फारमहरूलाई आवेदकहरूले सकेसम्म चाँडो हुलाकद्वारा, वा इलेक्ट्रोनिक फारम अनलाइन बुझाउनुपर्नेछ सोझै SFO लाई पठाउनुपर्नेछ र प्रोसेसिङको लागि SC लाई 2025/26 विद्यालय वर्षमा अध्ययनरत विद्यालयमा 31 अगस्त 2025 भन्दा अगाडि बुझाउनुपर्नेछ । |

**नोटहरू**:

(i) हाल व्यापक सामाजिक सुरक्षा सहयोग (CSSA) प्राप्त गरिरहेका परिवारहरूमा प्राथमिक र माध्यमिक विद्यालय वा किन्डरगार्टेन र सोभन्दा मुनिका अन्य कक्षा तहहरूमा अध्ययनरत बालबालिकाहरू छन् भने 2025/26 विद्यालय वर्षको लागि उनीहरूको विद्यालयको शिक्षा शुल्कमा छुट, परीक्षा शुल्क,पाठ्यपुस्तक तथा स्टेशनरीहरूको खर्च, यातायात खर्च, घरमा इन्टरनेट उपयोग शुल्क, आदिको लागि विद्यालयको सहयोग प्राप्त गर्न उनीहरूले सोझै SWD मा आवेदन बुझाउनुपर्छ । उनीहरूले SFO मा आवेदन बुझाउनुपर्ने छैन ।

(ii) यदि आवेदकले 2025/26 विद्यालय वर्ष को लागि अनलाइन "विद्यार्थी वित्तीय सहयोग योजनाको लागि इलेक्ट्रोनिक घरेलू आवेदन फारम" बुझाएको भएमा, उनीहरूले **SFO** लाई छुट्टै कागजमा-आधारित आवेदन फारम बुझाउनु पर्दैन ।


Printed by the Government Logistics Department

(iii) **सामान्य परिस्थितिहरूमा (पूर्व-प्राथमिकका विद्यार्थीहरूलाई वित्तीय सहयोग बाहेक), 1 मार्च 2026 मा वा त्यसपछि बुझाइएका कुनै पनि "विद्यार्थीहरूको लागि आर्थिक सहयोग योजनाहरूको लागि घरेलु आवेदन फारम" लाई SFO ले स्वीकार गर्ने छैन । हरेक वित्तीय सहयोग योजनाको लागि आवेदन बुझाउने अन्तिम मिति तलको तालिकामा सूचीबद्ध गरिएको छ –**

| वित्तीय सहयोग योजनाहरू | आवेदन बुझाउने अन्तिम मिति |
|---|---|
| **किन्डरगार्टन तथा बाल स्याहार केन्द्र शिक्षण शुल्क छूट (KCFR) योजना** | **आवेदकहरूले 2025/26 विद्यालय वर्षमा कक्षाहरूमा अध्ययन सक्काउनु/सक्नुभन्दा अगाडिको मिति वा 15 अगस्त 2026 भन्दा ढिलो नहुने मिति मध्ये जुन मिति अघिल्लो हुन्छ सो मिति बमोजिम आफ्नो आवेदनलाई SFO लाई बुझाउनुपर्छ । अन्यथा, उनीहरूले आयस्रोत जाँच (means test) उत्तीर्ण गर्न सक्ने र योग्यताको मापदण्ड पुर्‍याउने भए तापनि शुल्क छुट सामान्यतया निकासा हुने छैन । आवेदकहरूले आवेदन फारम बुझाउने महिना वा विद्यार्थी-आवेदकहरूलाई किन्डरगार्टेन/बाल स्याहार केन्द्रमा भर्ना गरिएको महिना मध्ये जुन महिना पछि आउँछ त्यही महिनाबाट शिक्षा शुल्कमा छुट लागू हुन्छ ।** |
| **किन्डरगार्टेन विद्यार्थीहरू (Grant-KG)का विद्यालयसँग सम्बन्धित खर्चहरूका लागि अनुदान** | **आवेदकहरूले 2025/26 विद्यालय वर्षमा कक्षाहरूमा अध्ययन पुरा हुनुभन्दा अगाडिको मिति वा 15 अगस्त 2026 भन्दा ढिलो नहुने गरि मध्ये जुन मिति अघिल्लो हुन्छ सो मिति बमोजिम आफ्नो आवेदनलाई SFO लाई बुझाउनुपर्छ । अन्यथा, उनीहरूले आयस्रोत जाँच उत्तीर्ण गर्न सक्ने र योग्यताको मापदण्ड पुर्‍याउने भए तापनि Grant-KG सामान्यतया वितरण गरिने छैन ।** |
| **विद्यालय पाठ्यपुस्तक सहयोग (TA) योजना** | **आवेदकहरूले आफ्नो आवेदन 31 अक्टुबर 2025 भन्दा ढिलो नहुने गरि SFO लाई बुझाउनुपर्छ । अन्यथा, उनीहरूले आयस्रोत जाँच उत्तीर्ण गर्न सक्ने र योग्यताको मापदण्ड पुर्‍याउने भए तापनि विद्यालय पाठ्यपुस्तक सहयोग सामान्यतया निकासा हुने छैन ।** |
| **विद्यार्थी यात्रा अनुदान (STS) योजना** | **1नोभेम्बर 2025 मा वा त्यसपछि आफ्नो आवेदन फारम बुझाउने र आयेस्रोत जाँच पास गर्ने र योग्यताको मापदण्ड पुर्‍याउने आवेदकहरूको सम्बन्धमा, योग्य विद्यार्थी-आवेदकहरूलाई विद्यार्थी यात्रा अनुदान (यदि लागू हुने भएमा) भुक्तान गर्ने कार्य हरेक मामिलाहरूको परिस्थितिहरूको आधारमा, आवेदन प्राप्त भएको मितिबाट वा विद्यार्थी-आवेदकलाई विद्यालयमा भर्ना गरेको मितिबाट (वा पहिले CSSA प्राप्त गरिरहेका विद्यार्थीहरूको लागि CSSA प्राप्त हुन बन्द भएको मितिबाट) सुरु गरिनेछ ।** |
| **इन्टरनेट उपयोग शुल्कको लागि अनुदान योजना (SIA)** | **1फेब्रुअरी 2026 (अर्थात् 2025/26 स्कूल वर्षको उत्तरार्धमा) त्यसपछि आफ्नो आवेदन फारम बुझाउने आवेदकहरूको सम्बन्धमा, यदि आवेदकहरू आयस्रोत जाँच उत्तीर्ण गर्न र योग्यताको मापदण्ड पुर्‍याउन सक्ने योग्य आवेदकहरूलाई SIA को आंशिक भुक्तानी गरिन सक्छ ।** |

(iv) SFO ले आवेदनहरू प्राप्त भएको जानकारी आवेदकको हङकङको मोबाइल फोन नम्बरमा SMS पठाएर वा लिखित रूपमा (हङकङको मोबाइल फोन नम्बर उपलब्ध गराउन असमर्थ आवेदकहरूलाई लागू हुने) दिनेछ । यदि आवेदकहरूले आवेदन फारम बुझाएको 20 कार्य दिन भित्रमा SFO बाट SMS वा लिखित रूपमा आवेदन प्राप्त गरेको जानकारी प्राप्त नगरेमा गलत डेलिभरी भएको वा डेलिभरी नै नभएको कारणले आवेदन प्रक्रियामा ढिलाइ हुन नदिनका लागि SFO ले आवेदन प्राप्त गरेको छ कि छैन भनेर जाँच्न कृपया SFO को सोधपुछको हटलाइन (2802 2345) मा फोन गर्नुहोस् ।

(v) यदि मूल्यांकनको अवधि (1 अप्रिल 2024 देखि 31 मार्च 2025 सम्म) पछि, आवेदकको पारिवारिक विवरण (जस्तै पारिवारिक संरचना, वित्तीय स्थिति, आदि) मा पर्याप्त परिवर्तन भएमा, आवेदक हामीलाई प्रासंगिक समर्थन दस्तावेजसँगै लिखित रूपमा सुचित गराउन सक्छन् । SFO ले प्रत्येक मामिलालाई आफ्नो व्यक्तिगत योग्यता अनुसार विचार गर्नेछ ।

## आयस्रोत जाँच तथा सहयोगका तहहरू

(i) विद्यार्थी वित्तीय सहयोग र यसको सहयोग तहको लागि परिवारको योग्यता निर्धारण गर्न SFO ले " समायोजित पारिवारिक आय " (AFI) पद्धतिको प्रयोग गर्नेछ । यसको सूत्र यस्तो छ :

$$\text{AFI} = \frac{\text{परिवारको कुल वार्षिक आय}}{\text{परिवारको सदस्य सङ्ख्या} + (1)}$$

(ii) परिवारको कुल वार्षिक आयमा आवेदक र उनको पति/पत्नीको वार्षिक आय; यदि हुने लागू भएमा परिवारसँगै बसोबास गर्ने अविवाहित बच्चा/बच्चाहरूको वार्षिक आयको 30%; यदि लागू हुने भएमा आफन्त/साथीहरूले गरेका आर्थिक योगदानहरू पर्छन ।

(iii) सामान्यतया परिवारका सदस्यहरू भन्नाले आवेदक, उनको पति/पत्नी, परिवारसँगै बसोबास गर्ने अविवाहित बच्चा/बच्चाहरू र आवेदक वा उनको पति/पत्नीले सहारा प्रदान गरिरहेका आश्रित अभिभावक (हरू) लाई बुझिन्छ।

(iv) 2 देखि 3 जनासम्म सदस्यहरू भएका एकल-अभिभावक भएका परिवारहरूको सम्बन्धमा, AFI सूत्रको भाजक " प्लस 1 फ्याक्टर" बढेर 2 हुनेछ ।

(v) 2025/26 विद्यालय वर्षमा सहयोगका विभिन्न तहहरूका लागि योग्यताको मापदण्डहरू तलको तालिकामा सूचीबद्ध गरिएको छ । कृपया AFI भनेको परिवारको औसत आय होइन भन्ने कुरा ध्यानमा राख्नुहोस् ।

| 2025 /26 विद्यालय वर्ष - AFI समूहहरू ) HK$) | सहयोगको तह |
|---|---|
| 0 – 45,429 | पुरा (100%) * |
| 45,430– 87,846 # | आधा (50%) |
| > 87,846 | अयोग्य (योग्य नभएका आवेदनहरू) |

* 2025/26 विद्यालय वर्षमा 3-सदस्यीय तथा 4-सदस्यीय परिवारहरूको सम्बन्धमा, पूर्ण सहयोग तहको लागि AFI सीमा क्रमश: $ 54,999 तथा $ 50,600 रहेको छ । एकल-अभिभावक भएको 2-सदस्यीय तथा 3-सदस्यीय परिवारहरूको सम्बन्धमा, पूर्ण सहयोग तहको लागि AFI सीमा निर्धारण गर्न र AFI को हिसाब गर्नका लागि उनीहरूलाई क्रमश3: -सदस्यीय तथा 4-सदस्यीय परिवारहरूको रूपमा मानिनेछ ।

\# प्रि-प्राथमिक विद्यार्थीहरूलाई वित्तीय सहायताको लागि, यदि परिवारको AFI $ 45,430 र $ 55,650 को बीचमा छ भने सहयोगको तह 3/4 (75%) हुन्छ; र यदि AFI $ 55,651 तथा $ 87,846 को बीचमा छ भने सहायताको स्तर आधा छुट (50%) हुन्छ ।

## अनुदानको निकासा

- प्राथमिक तथा माध्यमिक विद्यार्थीहरूको वित्तीय सहयोगको लागि, SFO ले योग्य आवेदकहरूलाई अटोपे मार्फत वित्तीय सहयोग वितरण गर्नेछ । (नोट: सामान्यतया योग्य आवेदकहरूलाई TA तथा SIA को अस्थायी रकम जुलाई/अगस्तको तिरबाट वितरण गरिन्छ तर STS भने अक्टोबर तिर/ नोभेम्बरको बाट मात्र निकासा गरिन्छ। नयाँ आवेदकहरूलाई सामान्यतया अक्टोबरमा वा अक्टोबर पछि मात्र/ नोभेम्बरको बाट अनुदान रकम वितरण गरिनेछ ।)
- प्रि-प्राथमिक विद्यार्थीहरूका लागि, शुल्क छुट रकमको नतिजाको सूचना जारी भएको 10 कार्य दिन भित्रमा शिक्षा शुल्क छुटको लागि स्वीकृत रकम ट्रेजरीले सोझै किन्डरगार्टन/बाल स्याहार केन्द्रहरूलाई भुक्तान गर्नेछ। त्यसपछि किन्डरगार्टन/बाल स्याहार केन्द्रहरूले आवेदकहरूलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनेछ । किन्डरगार्टन विद्यार्थीहरूका लागि विद्यालय-सम्बन्धित खर्चहरूको लागि अनुदान योग्य आवेदकहरूलाई स्वत: भुक्तानीद्वारा वितरण गरिनेछ। (नोट: सेप्टेम्बर 2025 को अन्त्यतिरबाट सुरु गर्दै SFO ले योग्य आवेदकहरूको शुल्क छुट सम्बन्धित विद्यालयमार्फत र किन्डरगार्टन विद्यार्थीहरूका लागि विद्यालयसम्बन्धी खर्चहरूका लागि अनुदान योग्य आवेदकहरूका बैंक खातामा अटोपे मार्फत खण्ड-खण्ड गरेर वितरण गर्नेछ ।)

## सोधपुछ

- वित्तीय सहयता योजनाहरू तथा आवेदन प्रक्रियासँग सम्बन्धित सोधपुछको लागि, कृपया हाम्रो 24 घण्टे सोधपुछ हटलाइन 2802 2345 मा फोन गर्नुहोस । हटलाइनमा फोन गर्दा यदि आवेदकहरूले 8 वटा भाषाहरू चाइनिज र अंग्रेजी बाहेक) बाहासा इन्डोनेसिया, हिन्दी, नेपाली, पञ्जाबी, टागालोग, थाई, उर्दु र भियतनामी समेत (मा आवेदन सम्बन्धी सोधपुछ गर्न चाहेमा कृपया टेलिफोन लाइनमा सम्पर्क स्थापित भईसकेपछि '4' नम्बरलाई थिचेर 'अन्य भाषाहरू' को विकल्प चयन गर्नुहोस । वैकल्पिक रूपमा, आवेदकहरूले थप जानकारीको लागि कार्यरत परिवार र विद्यार्थी वित्तीय सहयोग एजेन्सीको वेबसाइट) www.wfsfaa.gov.hk) मा जान सक्छन्।
- आवेदकहरूलाई अङ्ग्रेजी तथा 8 अन्य भाषाहरूमा अनुवाद तथा दोभाषे सेवाको आवश्यक भएमा त्यसको लागि अल्पसंख्यक जाति निवासीहरूको सहिष्णुता र अभिवृद्धि केन्द्र (CHEER) लाई फोनबाट सम्पर्क गर्न सकिन्छ। CHEER को हटलाइन नम्बरहरू तल सूचीबद्ध गरिएका छन् -
  बाहासा इन्डोनेसिया (3755 6811); हिन्दी (3755 6877); नेपाली (3755 6822); पञ्जाबी (3755 6844); टागालोग (3755 6855); थाई (3755 6866) उर्दु (3755 6833), र भियतनामी (3755 6888) ।
  CHEER का सेवाहरूको विस्तृत विवरणहरूका लागि आवेदकहरू यसको गृहपृष्ठ (http://www. hkcscheer.net) मा पनि जान सक्छन् ।